फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

०६७-४३०१०२
फोन नं.: ०६७-४३०१०३
०६७-४३०१०४

प.सं.: ०७७/७८
च.नं.:

## विज्ञप्ती

यस वर्षको अविरल वर्षाका कारण देशका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति भएको छ। भिषण वर्षाको कारण आएको बाढी तथा पहिरोबाट फलेवास नगरपालिका क्षेत्रमा भएको मानवीय तथा भौतिक क्षतिबाट हामीलाई स्तब्ध बनाएको छ। मिति २०७७।०५।२८ गते रातीको भिषण वर्षाका कारण फलेवास नगरपालिका वडा नं. ४ मुडिकुवामा आएको पहिरोबाट ३ वर्षिया बालिका ऋतिका बि.क. को मृत्यु भएको छ भने अन्य २ जना घाईते हुनु भएको छ। यस दुःखद घडीमा फलेवास नगर कार्यपालिका मृतक ऋतिका बि.क. प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछ। साथै घाईतेको शीध्र स्वास्थ्य लाभको समेत कामना गर्दछौं। यस विपतको घडीमा सम्वद्ध निकायहरुसँग समन्वय गरी तत्काल उद्धार तथा राहतको लागि नगर कार्यपालिका सधैं यहाँहरुको साथमा रहेको समेत विश्वास दिलाउन चाहन्छौं।

यस प्राकृतिक विपतको कारण नगरपालिकाका विभिन्न वडाहरुमा भएको अन्य क्षतिको पछिल्लो विवरण अनुसार विभिन्न वडामा २ वटा भैसी २ वटा पाडी २ गोरु तथा करिब ३०० वटा कुखुरा मरेका छन। साथै नगरपालिकाको कुर्घा, शंकरपोखरी, मुडिकुवा लागयतका वडाहरुमा घर, गोठ तथा वस्तीहरुमा क्षति पुग्नुका साथै वस्तीहरु जोखिमपूर्ण अवस्थामा पुगेका छन भने नगरका अधिकांश सडकहरुमा क्षति पुगेको छ।

यस प्राकृतिक विपत्तिको दुःखद घडीमा नगरपालिकाले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी नगरबासीलाई राहत उपलब्ध गराउन तथा रोकिएका सडकहरुलाई सूचारु गराउन विभिन्न निकायहरुसँग समन्वय गरी आवश्यक कदमहरु अगाडी बढाई सकेको छ । यस विपतको घडीमा धैर्य धारण गरी एक आपसमा सहयोग र सहकार्य गर्दै विपत्तिको सामना गर्ने कार्यमा सहभागी भइदिनुहुन सम्पूर्ण नगरबासीहरुमा हार्दिक अपिल गर्दछौं।

मितिः २०७७।०५।२९

पदमपाणी शर्मा
नगर प्रमुख